# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १७२ | काठमाडौं | शनिबार, ०१ कात्तिक २०८२ | Prabhab National Daily | Saturday, 18 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# एमाले-कांग्रेस महाधिवेशन सँगसँगै

**११औं महाधिवेशन मंसिर २७-२९ गते पोखरामा गर्ने एमालेको निर्णय**

**पनि एमालेले तोकेकै मितिमा कांग्रेसको पनि महाधिवेशन प्रस्ताव**



नयाँ नेतृत्व गठनसम्बन्धमा आगामी मंसिर २७ देखि २९ गतेसम्म पोखरामा ११औं राष्ट्रिय महाधिवेशन गरेर अघि बढ्ने भनेर पार्टी एक मतले अघि बढेको छ ।

**राजेन्द्र गौतम**
प्रचार विभाग प्रमुख, नेकपा एमाले



मंसिर २७-२९ मा १५औं महाधिवेशनका लागि प्रस्तावित कार्यतालिका अनुसार काम गर्ने क्रममा व्यावहारिक कठिनाइ भएमा ढिलोमा पुसको पहिलो हप्तासम्ममा सम्पन्न गर्नेगरी कार्यतालिका परिमार्जनका लागि छलफल गर्न सकिन्छ ।

**गगन थापा**
महामन्त्री, नेपाली कांग्रेस

**प्रभाव संवाददाता**

**काठमाडौं–** नेकपा एमालेको ११औं महाधिवेशन मंसिरको २७ देखि २९ गतेसम्म पोखरामा हुने भएको छ । ललितपुरको भनीमण्डलस्थित रामबाग महलमा सम्पन्न केन्द्रीय कमिटी बैठकले ११औं महाधिवेशनको मिति तय गरेको हो ।

बुधबार अध्यक्ष केपी शर्मा ओलीले प्रस्ताव गरेको मिति सर्वसम्मत पारित भएको एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए ।




'नयाँ नेतृत्व गठनसम्बन्धमा आगामी मंसिर २७ देखि २९ गतेसम्म पोखरामा ११औं राष्ट्रिय महाधिवेशन गरेर अघि बढ्ने भनेर पार्टी एक मतले अघि बढेको छ,' गौतमले भने ।

बुधबारबाट सुरु भएर शुक्रबार सम्पन्न केन्द्रीय कमिटीले २२ बुँदे समसामयिक प्रस्तावसमेत पारित गरेको छ । बैठकले पार्टी अध्यक्ष ओलीको 'मुलुकको राजनीतिक परिस्थिति र हाम्रो नीतिसम्बन्धी विशेष प्रस्ताव' सुझावसहित सर्वसम्मतिले पारित गरेको हो ।

प्रस्तावमा भदौ २४ गतेका तोडफोड र आगजनीमा अध्यक्ष ओलीलगायत १७० भन्दा बढी नेता कार्याकर्ताको निवासमा लुटपाट र आगजनी भएको उल्लेख गरिएको छ । यसैगरी जेन-जी आन्दोलनको क्रममा आक्रमणमा परी घाइते भएका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, उनकी पत्नी आरजु देउवाको स्वास्थ्यलाभको कामना गरिएको छ ।

### प्रतिनिधिसभा पुनर्स्थापनामा जोड, निर्वाचनप्रति आशंका

एमालेले मुलुकलाई लोकतन्त्रको बाटोमा फर्काउन एकमात्र विकल्प प्रतिनिधिसभा पुनर्स्थापना रहेको तर्क अघि सारेको छ । यसका लागि जनपरिचालन गर्ने र मुद्दा मिल्ने दलहरूसँग सहकार्य गर्ने निर्णयसमेत एमालेले गरेको छ ।

यो निर्णयमा एमाले उपाध्यक्षद्वय अष्टलक्ष्मी शाक्य र युवराज ज्ञवालीले भने असहमति जनाए । जेन-जी विद्रोहलाई नियोजित षड्यन्त्र भन्दै एमालेले यो देशलाई असफल पार्ने उद्देश्यको घटना भएको दाबी गरेको छ । 'यी आपराधिक घटनाहरूको उद्देश्य एकै साथ मुलुकको लोकतान्त्रिक संरचना ध्वस्त पार्ने, अर्थतन्त्रको मेरुदण्ड भाँच्ने, समाजमा भय र त्रासको वातावरण बनाउँदै नागरिकहरूलाई निरीह तुल्याउने र क्रमशः असफल राष्ट्रतिर धकेल्ने हो भन्ने स्पष्ट छ,' एमालेको विज्ञप्तिमा भनिएको छ ।

क्रमशः पृष्ठ २ मा

## एमाले पछ्याउँदै कांग्रेसमा महाधिवेशनको मिति प्रस्ताव

**काठमाडौं (प्रस)–** नेकपा एमालेले तय गरेकै मितिमा नेपाली कांग्रेसमा पनि महाधिवेशनको मिति प्रस्ताव भएको छ । महामन्त्री गगन थापाले पार्टीको १५औं महाधिवेशन मंसिर २७ देखि २९ गतेसम्ममा गर्न केन्द्रीय समितिमा प्रस्ताव पेस गरेका हुन् ।

मंसिर दोस्रो हप्ताबाट वडा अधिवेशन सुरु गरेर मंसिर २१ भित्र महाधिवेशन प्रतिनिधि चयन गर्न सके मंसिर २७ देखि २९ सम्ममा महाधिवेशन गर्न सकिने गगनले बताएका हुन् । थापाले केन्द्रीय महाधिवेशन यो मितिमा गर्न नसकेमा पुसको पहिलो हप्तासम्म गर्ने विषयमा पनि छलफल गर्न सकिने बताएका छन् ।



'१४औं महाधिवेशन २०७८ पुस ६ गते सम्पन्न भएको हुँदा २०८२ मंसिर २७-२९ मा १५औं महाधिवेशनका लागि प्रस्तावित माथिको कार्यतालिका अनुसार काम गर्ने क्रममा व्यावहारिक कठिनाइ भएमा ढिलोमा पुसको पहिलो हप्तासम्ममा सम्पन्न गर्नेगरी कार्यतालिका परिमार्जनका लागि छलफल गर्न सकिन्छ,' महामन्त्री थापाले आफ्नो प्रस्तावमा भनेका छन् ।

क्रमशः पृष्ठ २ मा

# नेपाललाई विश्वकप छनोटको उपाधि



- अन्तिम खेलमा सामोआलाई हराउँदै बन्यो च्याम्पियन
- सात वर्षयता आइसिसीको प्रतियोगितामा हात पार्न नसकेको उपाधिको खडेरी तोड्न सफल
- नेपालसँगै ओमान र युएई विश्वकपका लागि छानिए

**प्रभाव संवाददाता**

**काठमाडौं–** टी-२० विश्वकपमा लगातार दोस्रोपटक छनोट भएको नेपालले अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)को प्रतियोगितामा लामो समयपछि उपाधि हात पारेको छ । आइसिसी पुरुष टी-२० विश्वकप एसिया-इस्ट एसिया प्यासिफिक छनोटअन्तर्गतको अन्तिम खेलमा नेपालले सामोआलाई हराउँदै उपाधि जितेको हो ।

आइसिसीको प्रतियोगितामा सात वर्षयता हात पार्न नसकेको उपाधिको खडेरीलाई तोड्दै नेपाल च्याम्पियन बन्न सफल भएको छ । ओमानको अल अमिरतस्थित ओमान क्रिकेट एकेडेमी टर्फ-१ मा शुक्रबार भएको प्रतियोगिताकै अन्तिम खेलमा सामोआलाई १२४ रनले हराएर अपराजित रहँदै नेपाल च्याम्पियन बन्न सफल भएको हो ।

नेपालले जितका लागि दिएको २१२ रनको विशाल लक्ष्य पछ्याएको सामोआ निर्धारित २० ओभरमा सात विकेट गुमाएर ८७ रनमा समेटियो । उसका लागि सिन सोलियाले सर्वाधिक ४० रन बनाए । नेपालका लागि ललित राजवंशीले तीन विकेट लिए । करण केसी, सन्दीप लामिछाने र रोहित पौडेलले समान एक-एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा चार विकेट गुमाएर २११ रनको योगफल बनाएको थियो । प्रतियोगिताअन्तर्गतको अन्तिम खेलमा 'म्यान अफ दि म्याच' घोषित आसिफ शेखले सर्वाधिक ६९ रनको योगदान दिए । उनले ४१ बलमा सात चौका र चार छक्का प्रहार गर्दै ६९ रनको योगदान दिएका हुन् ।

त्यसैगरी नेपालका अर्का खेलाडी दीपेन्द्रसिंह ऐरीले ५३ रन बनाए । उनले ३३ बलमा दुई चौका र चार छक्काको मद्दतमा ५३ रन जोडेका हुन् । लोकेश बमले १३ बलमा विष्फोटक ३९ रन जोड्दै टिमको स्कोर २०० पार गराएका थिए । कप्तान रोहित पौडेलले अविजित २१ रन बनाए । कुशल भुर्तेलले १७ रन जोडेर आउट भए ।

यता सामाओका लागि डयानियल बर्गेस, सौमानी टाई, डयारियस भिसर, नुह मिडले समान एक-एक विकेट लिए । यसअघि नेपालले समूह चरणमा कुवेत र जापानलाई हराएको थियो । खेलको समाप्तिसँगै सामाओका खेलाडीहरूले नेपाली दर्शकहरूलाई घुँडा टेकेर सम्मान व्यक्त गरेका थिए ।

नेपालले सुपर सिक्सको पहिलो खेलमै युएईमाथि एक रनको रोमाञ्चक जित निकालेको थियो । दोस्रो खेलमा कतारविरुद्ध पाँच रनको जित निकालेको थियो । तेस्रो खेलमा नेपालले घरेलु टोली ओमानलाई ३८ रनले हराएको थियो ।

प्रतियोगितामा ओमानले सुपर सिक्सका पाँच खेलमध्ये नेपालसँग मात्र पराजित हुँदै आठ अंकसहित दोस्रो स्थानमा रहेको थियो भने युएई छ अंकसहित तेस्रो स्थानमा रहेको थियो ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# बेलायतमा आप्रवासी कामदारका लागि ८२ थरीका काम पहिचान

## आगामी वर्ष अन्तिम सूची निर्धारण गरिने

**प्रभाव संवाददाता**

**काठमाडौं–** बेलायत सरकारले विदेशी कामदारका लागि ८२ थरीका मध्य-सीपयुक्त कामहरू पहिचान गरेको छ । त्यहाँको माइग्रेसन एडभाइजरी कमिटी (एमएसी)ले केही दिनअघि प्रकाशित गरेको रिपोर्टमा अस्थायी भिसामार्फत लग्न सक्ने पेसाहरूको सूची सार्वजनिक गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

अवैधरूपमा बेलायत प्रवेश गर्ने घटनाप्रति देशव्यापी चासो बढिरहेका बेला प्रधानमन्त्री कियर स्टार्मर आप्रवासनमा कडा नीति अपनाउन प्रयास गरिरहेका छन् । यही समयमा बेलायतको अर्थतन्त्र सुस्त भएकाले केही क्षेत्रमा कामदारको अभाव देखिएको बताइएको छ । सरकारले सीपयुक्त आप्रवासी लक्षित गर्न र विशिष्ट क्षेत्रहरूमा देखिएको अभाव समाधान गर्नका लागि यो नीति लिने जनाइएको छ ।

गृहमन्त्री कार्यालयको रिपोर्टलेसमेत अस्थायीरूपमा लग्ने भनिएको पेसाले बेलायतको अर्थतन्त्र बलियो बनाउन मद्दत गर्ने जनाएको छ । यसबाट



सरकार आप्रवासन व्यवस्थापन गर्दै विकास कायम राख्न सक्षम हुने भनिएको छ ।

सूचीकृत पेसाहरू प्रमुख औद्योगिक र पूर्वाधार क्षेत्रका विभिन्न भूमिकाहरूका लागि भएको जनाइएको छ । मध्यम-सीपयुक्त श्रमिकका रूपमा कस्ता व्यक्तिहरू आउन सक्छन् भन्ने नियमहरू पुनर्लेखन भइरहेको समाचारमा उल्लेख छ ।

सूचीको पहिलो चरणमा विभिन्न ८२ थरीका भूमिकाहरू समावेश छन् । जसमा इञ्जिनयरिङ प्राविधिक, योजना विज्ञ, ल्याबोरेटरी टेक्निसियन, आइटी विज्ञ, पानीजहाज अफिसर, सवारीसाधन सम्बन्धी प्राविधिक, लेखक, अनुवादक, अभिनेता/अभिनेत्री, डिजाइनर, वित्तीय टेक्निसियन, डेटा विश्लेषक, वेल्डर, पाइप फिटर, धातु काम गर्ने, बिजुली काम गर्ने, प्लम्बर, स्वास्थ्य र सुरक्षा प्रबन्धकहरू छन् ।

त्यस्तै, ऊर्जा, रासायनिक र जल क्षेत्रका प्राविधिक र अपरेटरहरू, स्वास्थ्य तथा दन्त टेक्निसियन, कलाकार, नर्तक, संगीतकार, कोरियोग्राफर, फोटोग्राफर, फेसन डिजाइनर, चित्रकार आदि गरी ८२ पेसाको सूची सार्वजनिक गरिएको छ । समीक्षाको दोस्रो चरण जुलाई २०२६ मा भएपछि कुन-कुन काम समावेश गर्ने भन्ने निर्धारण गरिने जनाइएको छ ।

यी कामका लागि दिइने अस्थायी भिसाले विदेशी नागरिकलाई निश्चित समयका लागि बस्न र काम गर्न अनुमति दिन्छ । प्रायः श्रमबजारमा देखिएको तत्कालको आवश्यकतालाई पूर्ति गर्न यो भिसा दिइन्छ । अस्थायी भिसा पाएकाहरू त्यहाँ तीनदेखि पाँच वर्षसम्म काम गर्न पाउने जनाइएको छ । उनीहरूले स्थायी बसोबास गर्न र कल्याणकारी सुविधा उपभोग गर्न भने पाउँदैनन् ।

समाचारमा उल्लेख भएअनुसार गृह सचिवालयले डिसेम्बर २०२५ मा तोकिएका पेसाहरूको तलब सीमा समीक्षा गर्ने छ । यसरी जाने कामदारहरूले भिसा आवेदन शुल्क, आप्रवासन स्वास्थ्य शुल्क र आप्रवासन सीप शुल्क तिर्नुपर्ने छ । यी शुल्कहरूले आवेदन प्रक्रिया र व्यापक आप्रवासन सेवाहरू समेट्ने भनिएको छ ।

उक्त पेसामा जान अंग्रेजी भाषा दक्षता अनिवार्य गरिएको छ । आवेदनकर्ताहरूलाई अंग्रेजीको बी-२ स्तरको दक्षता आवश्यक हुने जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा

नेपाली सेनाले भन्यो

# जेन-जी आन्दोलनमा मृत्यु भएकामध्ये २२ जनामात्र प्रदर्शनकारी



- प्रदर्शनमा २२ जना प्रदर्शनकारी, तीन जना प्रहरी, १० जना कैदी र अन्य ४१ जनाको मृत्यु भएको जानकारी
- ६ हजार ७८९ कैदीबन्दी तथा थुनुवा अझै फरार
- सुरक्षाकर्मीबाट लुटिएका ३९२ नाल हतियार अझै बेपत्ता

**प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली सेनाले जेन-जी आन्दोलनका क्रममा मृत्यु भएका ७६ जनामध्ये प्रदर्शनकारी २२ जनामात्र रहेको जानकारी दिएको छ ।

सैनिक मुख्यालय जंगीअड्डामा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा सेनाले यस्तो तथ्यांक सार्वजनिक गरेको हो । आन्दोलनका क्रममा ४८४ स्थानमा भएको प्रदर्शनमा २२ जना प्रदर्शनकारी, तीन जना प्रहरी, १० जना कैदी र अन्य ४१ जनाको मृत्यु भएको सेनाको भनाइ ।

सेनाले लुटिएका हतियार र फरार कैदीबन्दीको सम्भावित समिश्रणबाट समाजमा उत्पन्न हुनसक्ने सुरक्षा चुनौतीलाई गम्भीरतापूर्वक लिएको जानकारी दिएको छ । ती हतियार र कैदीबन्दी फिर्ता गर्नका लागि साझा प्रयास गर्न सबै तह र तप्कालाई सेनाले हार्दिक अपिल गरेको छ ।

नेपाली सेनाका अनुसार आन्दोलनका क्रममा १५ हजार ५८८ कैदीबन्दी तथा थुनुवा फरार भएकामा हालसम्म आठ हजार ७९९ फिर्ता भइसकेका छन् । अरु कैदी तथा थुनुवा अझै फरार छन् ।

सुरक्षा निकायको लुटिएका ९७८ नालमध्ये हालसम्म ५८६ नाल हतियार फिर्ता भएका छन् । अरु अझै बेपत्ता अवस्थामा छ । उपत्यकाभित्र मात्रै नेपाली सेनाले प्राप्त गरेका हतियारमध्ये २७४ नाल नेपाल प्रहरी र १२ नाल सशस्त्र प्रहरी बललाई बुझाइसकेको जानकारी दिएको छ ।

आन्दोलनका क्रममा ६८८ वटा सरकारी कार्यालयलगायत अन्य भौतिक संरचनामा तोडफोड र आगजनीबाट क्षति पुगेको थियो ।

पत्रकार सम्मेलनमा युद्धकार्य विभागका प्रमुख अनुपजंग थापाले वर्तमान परिस्थितिलाई मध्यनजर गर्दै समग्र मुलुकको आगामी कार्यदिशा स्पष्ट र परिणाममुखी हुन जरुरी धारणा व्यक्त गरे । उनले भने, 'सोका लागि सेनाले आफ्नो स्रोत, साधन र पेसागत क्षमता अभिवृद्धि गर्दै कुनै पनि सम्भावित चुनौतीको सामना गर्न सदा तयार रहनुपर्ने आवश्यकता महसुस गरेका छौं ।'

क्रमशः पृष्ठ २ मा

# दोषीमाथि अविलम्ब कारबाहीको माग

**मोरङ (प्रस)**– जेन-जीका नाममा सरकारी तथा निजी सम्पत्ति तोडफोड र लुटपाट गर्नेलाई अविलम्ब कानुनी कारबाहीको दायरामा ल्याउन सरोकारवालाहरूले सुझाव दिएका छन् ।

गत भदौ २३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोग, २०८२ का सदस्य एवम् प्रवक्ता विज्ञानराज शर्माको उपस्थितिमा जिल्ला प्रशासन कार्यालय मोरङले आज यहाँ आयोजना गरेको कार्यक्रममा उक्त सुझाव दिइएको हो । छलफलमा सहभागीहरूले आन्दोलनका क्रममा अर्बौं रकम बराबरको क्षति भएको र निजी सम्पत्तिमाथि तोडफोड, आगजनी तथा लुटपाट गर्नेलाई कानुनी कारबाहीको दायरमा ल्याउन आयोगको ध्यानाकर्षण गराए ।

आयोगका सदस्य शर्माले आयोगको क्षेत्राधिकारभित्र फौजदारी मुद्दा नपर्ने भएकाले गत भदौ २३ र २४ गतेका घटनामा सरकारी, स्थानीय निकाय, निजी क्षेत्रमा भएको तोडफोड, आगजनी तथा लुटपाटका सम्बन्धमा छानबिन गरिने बताए । उनले आयोग स्वतन्त्र निकाय भएकाले सबैको भावना समेट्ने गरी सत्यतथ्य जाँचबुझ गरी नेपाल सरकारलाई प्रतिवेदन बुझाउने बताए ।

विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले जेन-जी आन्दोलनका क्रममा मृत्यु भएकाको सम्बन्धमा आवश्यक छानबिन गर्न माग गरे । मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले प्रहरीले क्षतिको मुचुल्का उठाइसकेको जानकारी गराए ।

पृष्ठ १ बाट क्रमशः

## एमाले-कांग्रेस...

जेन-जी विद्रोहको क्रममा भदौ २३ र २४ गते भएको घटनाका लागि गठन भएको गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगप्रति एमालेले विश्वास नरहेको जनाउँदै सर्वोच्च अदालतका पूर्वन्यायाधीशको नेतृत्वमा स्वतन्त्र र निष्पक्ष छानबिन समिति बनाउन माग गरेको छ ।

केन्द्रीय कमिटी बैठकले सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले निर्वाचन गराउने कार्यादेश पाए पनि त्यस दिशामा नगई सत्ता लम्ब्याउने खेलमा लागेको आरोप लगाएको छ । सरकारले दलहरूसँग संवाद गर्नुको साटो निषेध र मुठभेडको बाटो लिएको एमालेको तर्क छ । 'निर्वाचन देखाउने दाँतमात्र हो । सरकार व्यवहारतः निर्वाचनको पक्षमा छैन,' बैठकमा ओलीले भनेका थिए ।

उनले पार्टीमा अनुशासन कायम गर्न नसकिएको उल्लेख गर्दै आत्मालोचनासमेत गरको थिए । 'पार्टीमा अनुशासन कायम गर्न सकिएन, नेताले पनि अनुशासन तोड्ने काम गरे, त्यसलाई नियन्त्रण गर्न सकिएन, अध्यक्षको रूपमा त्यो काम गर्न नसकेकोमा म खुलेर आत्मालोचना गर्छु,' ओलीले भने ।

■■■

## एमाले पछ्याउँदै....

कांग्रेसमा क्रियाशील सदस्यता वितरण विवाद टुंगो लाग्न सकेको छैन । क्रियाशील व्यवस्थापन समितिको संयोजकमा महामन्त्री थापा संयोजक छन् । यसअघि असोज मसान्तसम्मका लागि क्रियाशील सदस्यता टुंगो लगाउने म्याद थियो । तर जेन-जी आन्दोलनका कारण कांग्रेसका ४८ जिल्ला कार्यालयमा आगलागी भएसँगै एक महिना म्याद थपेर सदस्यता विवाद सल्टाउन थापाले प्रस्ताव गरेका छन् । यसका लागि उनले सबै निर्वाचन क्षेत्रमा सदस्यता वितरण र व्यवस्थापनका लागि १५ दिनका लागि केन्द्रबाट अधिकारसम्पन्न आवासीय प्रतिनिधि खटाउनुपर्ने प्रस्ताव गरेका छन् ।

मंगलबार सभापति शेरबहादुर देउवाले सम्बोधन गरी पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिँदै सुरु भएको केन्द्रीय समितिमा महाधिवेशन, निर्वाचन र पछिल्लो राजनीतिक परिस्थितिबारे छलफल जारी छ । बैठकमा अधिकांशले नियमित महाधिवेशन गरेर चुनावमा जानुपर्नेमा जोड दिएका छन् ।

कांग्रेस सुदूरपश्चिमका सभापति वीरबहादुर बलायरले म्याद सकिएका महाधिवेशन प्रतिनिधिबाट हस्ताक्षर गरी विशेष महाधिवेशन गर्न नसकिने तर्क अघि सारेका थिए । महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्मालाई लक्षित गर्दै बलायरले मंसिरमा महाधिवेशन गर्न कसैले नरोकेको बताए । 'जुन महाधिवेशन प्रतिनिधिको म्याद गुज्रिसकेको छ, उसको हस्ताक्षर ल्याएर म्याद सकिएको कार्यसमितिको विशेष महाधिवेशन गर्ने ?,' बलायरको प्रश्न थियो । कांग्रेस बैठक आज पनि बस्ने छ ।

कांग्रेसको महाधिवेशन प्रस्ताव पारित भएको छैन । यता नेकपा माओवादी केन्द्रले यसअघि नै केन्द्रीय कमिटी भंग गरेर पुष्पकमल दाहालको संयोजकत्वमा महाधिवेशन आयोजक समिति गठन गरिसकेको छ । माओवादीले मंसिरमा महाधिवेशन गर्ने भनिए पनि स्थान तोकेको छैन ।

■■■

## नेपाललाई...

यस्तै कतार चार अंकसहित चौथो, जापान दुई अंकसहित पाँचौं र सामाओले सुपर सिक्सका कुनै पनि खेल जित हात पार्न सकेको थिएन । यस छनोट प्रतियोगिताबाट नेपाल, युएई र ओमानले आगामी वर्ष भारत र श्रीलंकामा संयुक्तरूपमा हुने टी-२० विश्वकप २०२६ मा स्थान पक्का गरिसकेका छन् । विश्वकप आगामी माघ २७ देखि फागुन २४ गतेसम्म हुँदै छ ।

नेपाल लगातार दोस्रोपटक विश्वकपका लागि छनोट भएको हो । यसअघि गत २०२४ को विश्वकपमा पनि नेपाल सहभागी भएको थियो । त्यसभन्दा अगाडि सन् २०१४ मा नेपालले पहिलो विश्वकप खेलेको थियो ।

नेपालले यसअघि सन् २०१८ मा आइसिसीको पछिल्लो उपाधि जितेको थियो । त्यतिबेला नेपालले मलेसियामा भएको आइसिसी टी-२० इस्टर्न उपक्षेत्रीय छनोट 'बी' को उपाधि हात पारेको थियो । त्यसयता नेपालले कुनै पनि उपाधि हात पार्न सकेको थिएन । त्यसयता नेपाल सन् २०२३ मा ओमानसँग विश्वकप छनोटमा नै सुपर ओभरमा पराजित भएको थियो ।

### प्रत्येक खेलाडीले १९ लाख ५० हजार पाउने

टी-२० विश्वकप छनोट प्रतियोगितामा च्याम्पियन बनेको नेपाली टोलीका प्रत्येक सदस्यले १९ लाख ५० हजार पुरस्कार पाउने भएका छन् । राष्ट्रिय खेलकुद नियमावली २०७९ अनुसार महादेशीय क्रिकेट प्रतियोगिता वा डिबिजन एकबाट विश्वकपमा छनोट भएमा यस्तो पुरस्कार दिइने व्यवस्था छ । पुरस्कारका लागि नेपाल क्रिकेट संघले प्रक्रिया अघि बढाएपछि सरकारले प्रदान गर्ने छ ।

विश्वकप छनोट खेलेको नेपाली टोलीका खेलाडीमा रोहित कुमार पौडेल (कप्तान), दीपेन्द्रसिंह ऐरी (उपकप्तान), कुशल भुर्तेल, लोकेस बम, कुशल मल्ल, आसिफ सेख, आदिल अन्सारी, करण केसी, नन्दन यादव, सन्दीप लामिछाने, सन्दीप जोरा, आरिफ सेख, ललितनारायण राजवंशी, गुल्सन झा र सोमपाल कामी छन् ।

त्यसबाहेक टोलीका प्रशिक्षकले छ लाख २५ हजार र सहायक प्रशिक्षकले तीन लाख २५ हजार रूपैयाँ प्राप्त गर्ने छन् । यस्तै नेपाल क्रिकेट संघले छ लाख ५० हजार रूपैयाँ पाउने व्यवस्था छ ।

■■■

## बेलायतमा...

रोजगारदाताहरूले भने कामदारलाई कसरी तालिम दिने र भर्ना गर्ने योजना पेश गर्नु आवश्यक हुने छ ।

वैदेशिक रोजगारीका लागि युरोपतिर आकर्षण बढिरहेको र रोजगारीमा जाने प्रविधिक, व्यावसायिक र उच्च दक्ष श्रमिकहरूको संख्या वृद्धि भइरहेको अवस्थामा बेलायत महत्त्वपूर्ण गन्तव्य बन्न सक्छ । गत आर्थिक वर्षमा एक हजार २८९ जना नेपाली कामदार व्यक्तिगत, संस्थागत र श्रम स्वीकृति नवीकरण गरेर बेलायत गएका थिए । त्यस्तै, आव २०८०/८१ मा दुई हजार ५४४, आव २०७९/८० मा दुई हजार २६४, आव २०७८/७९ मा दुई हजार ८१४ जना गएका थिए ।

■■■

## जेन-जी आन्दोलनमा...

जेन-जी आन्दोलनपछिको अन्योलता, शंका-उपशंका, विभिन्न प्रश्नकाबीच सेनाले शान्ति सुरक्षा तथा अमनचयन कायमका लागि सुरक्षा अवस्थाको वस्तुगत ढंगले मूल्यांकन असल नियत र सही अभिप्रायसाथ कार्य गरेकाले ती प्रश्नका उत्तर आफैं प्रस्ट हुँदै गइरहेको उपरथी थापाको भनाइ थियो ।

उनले भने, 'आउँदा दिनमा राष्ट्रिय तहमा आधारभूत विषयमा निकासका उपायहरू पहिचान गर्न सम्पूर्ण विद्वत वर्ग, समाजसेवी, सञ्चारकर्मी र आमनागरिकले सामाजिक सद्भाव, राष्ट्रिय एकता र संस्थागत स्थायित्वलाई पहिलो प्राथमिकतामा राखी आ-आफ्नो भूमिकाबाट योगदान पुर्‍याउनुपर्ने आजको आवश्यकता हो ।'

राष्ट्रमा असहज परिस्थिति आइपर्दा सबै एकजुट हुने नेपालीको संस्कार भएको स्मरण गराउँदै उपरथी थापाले राष्ट्रिय एकता नै संकट, विपद् र विषम परिस्थितिमा आफ्नो त्यो संस्कारलाई जगेर्ना गर्दै राष्ट्रिय हितको संरक्षणमा हातेमालो गर्न अपिल गरे । उनले भने, 'यी सबै परिस्थितिमा नेपाली सेना राष्ट्रिय हित र जनरक्षाका लागि सदातयार थियो, छ र रहिरहने छ ।'


**साउदीमा रोजगार** कम्पनी : CHINA RAILWAY CONSTRUCTION CORPORATION SAUDI BRANCH

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ LT. No. 332652 चलानी नं. ६०२४६२९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter/joiners | 70 | 0 | 1500 | ५५,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 90 | 0 | 1500 | ५५,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ८ गते (25th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.

Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, +977 986-9422479

E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

**कुवेतमा रोजगार** कम्पनी : NATIONAL CATERING COMPANY GENERAL TRADING & CONTRACTING W.L.L

पूर्व स्वीकृति मिति : २०८०/११/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/३१ LT. No. 301174 चलानी नं. ६०२१६०६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 39 | 0 | 140 | ६४,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bakery Man | 10 | 0 | 140 | ६४,१०५ | | | | | | | |
| 3 | Butcher | 10 | 0 | 140 | ६४,१०५ | | | | | | | |
| 4 | Cleaner (Indoor) | 120 | 0 | 85 | ३८,९२० | | | | | | | |
| 5 | Cook | 50 | 0 | 140 | ६४,१०५ | | | | | | | |
| 6 | Head Waiter | 10 | 0 | 150 | ६८,६८५ | | | | | | | |
| 7 | Laundry | 25 | 0 | 120 | ५४,९४५ | | | | | | | |
| 8 | Waiter/waitress | 214 | 48 | 120 | ५४,९४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ८ गते (25th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


FRONTLINE RECRUITMENT PVT.LTD.

Frontline Recruitment

Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647

Email: info@manpoweragencynepal.com

Govt. License 886/067/068

**साउदीमा रोजगार** कम्पनी : ALFALAK HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/२७ LT. No. 331526 चलानी नं. ६०२४५९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ३७,३१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : IMTIAZ COMPANY FOR PROVIDING MEALS

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ LT. No. 331915 चलानी नं. ६०२४५७२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter(Male) | 2 | 0 | 1200 | ४४,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al Mawarid Recruitment Company.

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ LT. No. 331916 चलानी नं. ६०२४५७२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Small Truck Driver | 2 | 0 | 1500 | ५५,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al Mawarid Human Resources Company

पूर्व स्वीकृति मिति : २०८२/०२/१९ पुन विज्ञापर्न स्वीकृति मिति : २०८२/०६/३१ LT. No. 324685 चलानी नं. ६०२३८९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 10 | 0 | 1000 | ३७,३१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: ग्लोबल ट्रेनिङ इन्सटिच्यूट सिफल-७, काठमाडौंमा मिति २०८१ कार्तिक ९ गते (26th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


All Asia Overseas Pvt.Ltd

Ratopul, Gaushala-7, Kathmandu, Nepal

Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

श्रम ईजाजत नं. १३०५/०७४/०७५

**साउदीमा रोजगार** कम्पनी : PLANET CONSTRUCTION COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ LT. No. 332577 चलानी नं. ६०२४६२४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 8 | 0 | 1800 | ६७,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ८ गते (25th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LIC No. 1082/073/74

NEPAL HR SOLUTION PVT. LTD.

Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554

E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com


## शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावर बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति: २०८२/०७/०१**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँके को च.न २३३२ मिति २०८१/११/०४ को वन पैदावार संकलन सहमयत बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँके को च.न ८४९ मिति २०८२/०६/२८ गतेको बाह्य लिलाम सहमति पत्रानुसार समूहको घाटगद्दीमा रहेका साल, असना, जामुन, कुम्भि, धौटी लगायत जातका कुल जम्मा गोलिया थान ४६१ को ३३१२.९७ क्यू.फिट काठ तथा साल जातको २.७५ चट्टा दाउरा र अन्य जातको १५ चट्टा गरी कुल १७.७५ चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सूचना प्रकाशित गरिएको हो । इच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको दिउसो १२:३० बजे भित्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पातिकामा टाँस गरिएको छ ।

**श्री हरलाफाँटा सामुदायिक वन उपभोक्ता समूह, राप्तीसोनारी-0२, बाँके**

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

**शनिबार, ०१ कात्तिक, २०८२**

| | |
|---|---|
| मेष | विशेष काम, रोकिएका काम बन्नेछ । |
| वृष | उत्सावर्द्धक, प्रतिष्ठत व्यक्तिबाट सहयोग । |
| मिथुन | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| कर्कट | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| सिंह | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| कन्या | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |
| तुला | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| वृश्चिक | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| धनु | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| मकर | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| कुम्भ | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |
| मीन | उतारचढावमा समय व्यतित हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०१ कातिक , २०८२ (१८ अक्टोबर, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४०.२२ | १४०.८२ |
| युरो | १ को | १६३.३१ | १६४.०१ |
| पाउन्ड स्टिर्लङ | १ को | १८८.२१ | १८९.०२ |
| स्विस फ्रैन्क | १ को | १७५.७५ | १७६.५० |
| अस्ट्रेलियन डलर | १ को | ९१.२३ | ९१.६२ |
| क्यानाडियन डलर | १ को | ९९.८१ | १००.२३ |
| सिङ्गापुर डलर | १ को | १०८.१९ | १०८.६५ |
| जापानी येन | १० को | ९.२६ | ९.३० |
| चिनियाँ युआन | १ को | १९.६८ | १९.७६ |
| साउदी अरब रियाल | १ को | ३७.३९ | ३७.५५ |
| कतारी रियाल | १ को | ३८.४७ | ३८.६३ |
| थाई भाट | ख १ को | ४.३१ | ४.३३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.१८ | ३८.३४ |
| मलेसियन रिङेट | १ को | ३३.१७ | ३३.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८९ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १४.८३ | १४.८९ |
| डेनिस क्रोनर | १ को | २१.८७ | २१.९६ |
| हङकङ डलर | १ को | १८.०४ | १८.१२ |
| कुवेती दिनार | १ को | ४५८.४४ | ४६०.४० |
| बहराइन दिनार | १ को | ३७१.९६ | ३७३.५५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# प्रहरीलाई स्रोतसाधनको अभाव हुन नदिने गृहमन्त्रीको प्रतिबद्धता



**काठमाडौं (प्रस)–** गृहमन्त्री ओमप्रकाश अर्यालले नेपाल प्रहरीलाई समयानुकूल परिस्कृत गर्दै लैजानुपर्ने बताएका छन् । शुक्रबार यहाँ आयोजित ७०औं प्रहरी दिवस एवं अमर प्रहरीप्रति श्रद्धाञ्जली कार्यक्रममा उनले प्रविधिको बढ्दो प्रभावसँगै अपराध अनुसन्धानमासमेत चुनौती थपिँदै गएकाले प्रहरीलाई समयानुकूल परिस्कृत गर्दै लैजानुपर्ने बताएका हुन् ।

गृहमन्त्री अर्यालले नेपाल प्रहरीलाई पर्याप्त स्रोतसाधन उपलब्ध गराई मुलुकभित्रको आन्तरिक सुरक्षालाई थप मजबुत् बनाउन गृह मन्त्रालयको प्रमुख दायित्व रहेकाले सोहीअनुसार काम गरिरहेको उल्लेख गरे । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि स्रोतसाधनको अभाव हुन नदिन सरकार सजग रहेको उनको भनाइ थियो ।

गृहमन्त्री अर्यालले नेपाल प्रहरी कानुन कार्यान्वयनमा अग्रपंक्तिमा रहने र सरकारप्रतिको धारणा तथा प्रतिक्रिया अभिव्यक्त गर्दा निशानामा पर्ने भन्दै गत भदौ २३ र २४ गतेको विरोध प्रदर्शन यसैको प्रतिविम्ब भएको धारणा राखे । 'जेन-जी' प्रदर्शनका क्रममा प्रहरीका सांगठनिक, व्यक्तिगत सामान लुटपाट तथा आगजनी भएकाले स्रोतसाधनको अभाव भई यसको प्रत्यक्ष असर आमनागरिकमा समेत पर्दै गएको उनको भनाइ थियो । 'न्यून साधनस्रोतबाट कार्यसम्पादन गर्दै आइरहेको नेपाल प्रहरीलाई उक्त आन्दोलनले निकै ठूलो क्षति पुऱ्याएको छ । त्यसबाट सम्हालिँदै अगाडि बढ्नुपर्छ, उच्च मनोबलका साथ प्रभावकारी कार्यसम्पादन गर्दै निष्पक्ष अनुसन्धानले पीडितलाई न्याय दिन प्रहरी लाग्नुपर्ने आवश्यकता छ,' अर्यालको भनाइ थियो । गृहमन्त्री अर्यालले पछिल्ला समय देखिएका धार्मिक र साम्प्रदायिक केही घटनाका कारण सुरक्षा चुनौती थपिएको बताए ।

कार्यक्रममा प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङले हालको परिस्थितिमा र आगामी दिनमासमेत उत्पन्न हुनसक्ने सुरक्षा चुनौतीलाई सामना गर्न प्रहरी प्रतिबद्ध रहेको बताए । उनले असहज परिस्थितिको सामना गर्दै आमनागरिकलाई शान्तिसुरक्षा र अमनचयनको प्रत्याभूति दिलाइ प्रहरीलाई नागरिक भरोसाको केन्द्रका रूपमा अगाडि बढाउन प्रहरी व्यावसायिकरूपमा सक्षम रहेकोसमेत धारणा राखे ।

'नेपाल प्रहरीविनाको समाज कल्पना पनि गर्न सकिँदैन । समाजमा प्रहरीको माग दिनप्रतिदिन बढ्दै गएको छ । विभिन्न ९३९ स्थानमा नयाँ प्रहरी इकाइको माग र ४०० भन्दा बढी इकाइमा प्रहरी कार्यालयको स्तरोन्नतिको माग रहेको छ । यसका लागि आगामी दिनमा थप २५ हजार जनशक्ति आवश्यक छ,' महानिरीक्षक खापुङले भने, 'यस विषयमा पनि सोच्नुपर्छ र प्रहरीको बोली, वचन र व्यवहार सुधार गर्न जरुरी छ । प्रहरीभित्र पनि शुद्धीकरण र सुधारका प्रशस्त आवश्यकता छन् । यसमा हामी लाग्छौं ।'

प्रहरी दिवसका अवसरमा 'लाइफ टाइम अचिभमेन्ट अवार्ड'बाट अवकाश प्राप्त प्रहरी नायब महानिरीक्षक (डिआइजी) कृष्णबहादुर राना, मोतीलाल कला उत्कृष्ट अनुसन्धान अधिकृत प्रहरी नायब उपरीक्षक (डिएसपी) धर्मराज भण्डारी, पूर्ण शान्ति पुरस्कार जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायब उपरीक्षक (डिएसपी) भोलाकुमार भट्टलाई प्रदान गरिएको छ ।

नेपाली सेनाको निष्कर्ष

# जेन–जी आन्दोलन आकलन गरिएभन्दा तीव्र र व्यापक

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली सेनाले विश्वमा परिवेशमा देखिएको आन्दोलनका तुलनामा नेपालको जेन-जी आन्दोलन अनुमान गरिएभन्दा तीव्र र व्यापक रहेको निष्कर्ष निकालेको छ । सैनिक मुख्यालय जङ्गी अड्डामा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जेन-जी आन्दोलनबाट सुरक्षा समस्या बढ्ने आकलन गरिए पनि मात्रा र तीव्रता अनुमान गरिएभन्दा ठूलो रहेको जानकारी दिइयो ।

सेनाको युद्धकार्य महानिर्देशक पवनजंग थापाले जेन-जी आन्दोलन विश्वव्यापी तरंग देखिएकामा यहाँ भने अचानक र व्यापक रहेकाले तत्कालीन परिस्थितिमा शान्ति सुरक्षा तथा अमनचयनका लागि सुरक्षाको वस्तुपरक विश्लेषण गरी आवश्यकताको सिद्धान्तका आधारमा अघि बढेको जानकारी दिए ।

त्यसपछिको परिस्थितिमा सेनाले न्यायपालिका, अन्य सुरक्षा निकाय र राष्ट्र सेवक कर्मचारीको सहयोग र समन्वयमा शान्ति र स्थिरता कायम राख्ने विषयमा सन्तुलित ढंगले कार्य गर्दै आएको उनले बताए । सोही विभागका निर्देशक मनोज थापाले तत्कालीन परिस्थितिमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न वस्तुगत ढंगले आवश्यक पहल गरेको स्पष्ट पारे ।

आन्दोलनपछि अहिलेको अवस्था र परिणामबाटै सेनाको कस्तो खालको नियत रहेको थियो भन्ने आकलन गर्न सकिने बताउँदै उनले स्थिति सामान्यीकरण गर्न गरिएको बहुआयामिक प्रयासलाई वस्तुपरक ढंगबाट बुझ्ने र विश्लेषण गर्नुपर्नेमा जोड दिए ।

सेनाको बहुआयामिक भूमिका रहेकाले अग्रपंक्तिमा रहेर नागरिकको जीवन रक्षा र उद्धारका कार्यमा खटिँदै आएको स्पष्ट पार्दै सहायकरथी थापाले सेनाले शान्तिपूर्ण निकासका लागि सबै पक्षसँग आवश्यक परामर्श गर्नुपर्ने आवश्यकता महसुस गरेर नै विभिन्न समूहसँग छलफल गरेको बताए ।



उनले देश र जनहितका लागि अरु सबै सुरक्षा फौजसँग हातेमालो गरी काम गरिरहेको पनि जानकारी गराइयो । सञ्चारकर्मीको प्रश्नको जवाफमा सेनाले जेन-जी आन्दोलनपछिको विषम् परिस्थितिमा चुनावका लागि केही सुरक्षा चुनौती भए पनि क्रमशः शान्ति सुरक्षाको वातावरण बन्दै जाने विश्वास उनको थियो । चुनावका लागि सुरक्षासम्बन्धी रणनीतिक योजना तयार गरी क्रमशः कार्यान्वयन गरिँदै लगिने सहायकरथी थापाले स्पष्ट पारे ।

सेनाका प्रवक्ता राजाराम बस्नेतले मुलुकको प्रतिरक्षा, विश्वशान्ति, वन्यजन्तु तथा पर्यावरण संरक्षण, पूर्वाधार विकास, ऐतिहासिक धरोहरको संरक्षण तथा आपत्कालीन उद्धारजस्ता कार्यमा सेनाले महत्त्वपूर्ण कार्य गर्दै आएको बताए । उनले गौरवमय इतिहास, पहिचान, परम्परा तथा संस्कृतिसँग गहिरोसँग जोडिएको सेनाले राष्ट्रको सार्वभौमसत्ता, अखण्डता, स्वाधिनता र एकताको रक्षा गर्दै आएको बताए ।

त्यस अवसरमा यस वर्षको मनसुन विपद् व्यस्थापनका क्षेत्रमा संलग्न सबै सरोकारवाला पक्षसँगको सहकार्य, सहयोग र समन्वयमा प्रभावकारी कार्य भएकाले विगतका तुलनामा जनधनको क्षति न्यून गर्न सकिएको जानकारी दिइयो । मुलुकको सर्वाधिक महत्त्वपूर्ण राष्ट्रिय गौरवका आयोजना काठमाडौं-तराई मधेस द्रुतमार्गको हालसम्मको समग्र प्रगति करिब ४३ प्रतिशत रहेकाले तोकिएको मिति र बजेटमा आयोजना सम्पन्न गर्ने दृढता व्यक्त गरियो ।


## साउदीमा रोजगार

कम्पनी : CIRCULAR OVEN CATERING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ LT. No. 332644 चलानी नं. ६०२४६२६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 6 | 0 | 1000 | ३७,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ८ गते (25th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nasser Outsourcing Consultants Pvt. Ltd.
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org
श्रम इजाजत नं. ६१९/०६३/०६४

## कतारमा रोजगार

कम्पनी : PIGEON SECURITY SERVICES WLL

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ LT. No. 332625 चलानी नं. ६०२४६२५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 12 | 0 | 1500 | ५७,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ८ गते (25th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Euro Tech Consultancy Pvt. Ltd.
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021264, 9851084492, 9860568683, 9829113270, 9855059472, 9823176502, 9706899162
श्रम इजाजत नं. ५६७/०६२/०६३

## साउदीमा रोजगार

कम्पनी : MOH WASH DECORATION AND POLISHING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ LT. No. 332535 चलानी नं. ६०२४६२२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Washers | 2 | 0 | 1000 | ३७,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ८ गते (25th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gulf Asia Manpower Pvt.ltd. गल्फ एसिया मेनपावर प्रा.लि.
A recruitment Company
(The arcade building no.36 2nd floor)Battishputli -09, Kathmandu, Nepal Hotline: +977- 9802340340, 9802340341, E-mail : cvgulfasia017@gmail.com, Web: www.gulfasia.com.np, Damak Branch: 9801615255
Govt. License No. 1278/074/75

## साउदीमा रोजगार

कम्पनी : MAYSAN AL ARAB OPERATION AND MAINTENANCE COMPANY IS A ONE-PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/३० LT. No. 331743 चलानी नं. ६०२४६२३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 1 | 0 | 1000 | ३७,३१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ८ गते (18th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68

## साउदीमा रोजगार

कम्पनी : JAWA HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ LT. No. 332607 चलानी नं. ६०२४६२८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker Load And Unload | 50 | 0 | 1000 | ३७,५६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ८ गते (25th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1657/080/81
AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED
New Baneshwor-10, Thapagaun, Kathmandu, Landline No : 01-4586367, 4586366,
Mob: 9810003423/970-4414954, E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com

## ओमनमा रोजगार

कम्पनी : ANDALUS TREASURES TRADING EST.

पूर्व स्वीकृति मिति : २०८२/०६/३० LT. No. 332476 चलानी नं. ६०२४६२४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHAWARMA MAKER | 5 | 0 | 150 | ५४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ८ गते (25th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## चौतारा अस्पताल

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०७/०१)**

यस अस्पतालको लागि आ.व.२०८२/०८३ मा स्वीकृत कार्यक्रम अनुसार अस्पतालमा न्युनतम सेवा मापदण्ड कार्यान्वयन र सुधारका लागि मेशिन औजार अन्तर्गत अस्पतालका विभिन्न विभागहरुमा नियमित सेवा प्रवाह थप प्रभावकारी रुपमा संचालनको लागि अत्यावश्यक पर्ने मेसिनरी औजार उपकरणहरु खरिदको लागि स्वीकृत लागत अनुमान अनुसार खरिद गर्नको लागि शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । कार्यालयमा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र ब्यबसाय दर्ता प्रमाण पत्र एवं मूल्य अभिबृदि कर (VAT) मा दर्ता भएका इच्छुक फर्म, कम्पनी वा सप्लार्यसले कार्यालय समय भित्र रु१०००।- (अक्षेरुपी एक हजार रुपैयाँ फिर्ता नहुने गरि) यस कार्यालयको कार्यालय कोड नं. ३७००१२७०१३ राजश्व शिर्षक नं. १४२२९ प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय सिन्धुपाल्चोक खाता नं. २७२०२००००१००१००००१ जम्मा गरेको सक्कल भौचर, उक्त मालसामान खरिद विक्री गर्न पाउने फर्मको नविकरण भएको इजाजत प्रमाणपत्र, विकि वितरण गरेको अनुभव पत्र, मु. अ. कर दर्ता प्रमाण पत्र तथा आ. व. ०८१/८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी निवेदन साथ संलग्न राखि यस अस्पतालबाट खरिद गर्न सकिने छ । कार्यालयमा सूचना प्रकाशन भएको मितिले १६ औं दिन, दिनको ठीक १२:०० बजेभित्र शिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ, रीतपूर्वक पर्न आएका शिलबन्दी दरभाउपत्र सोही दिन, दिनको ठीक २:०० बजे यस कार्यालयमा खोलिने छ । शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो सम्बन्धी कार्य तत् पश्चात कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । बैंक जमानत वापतको रकम नेपाल बैंक लिमिटेड सिन्धुपाल्चोक चौतारा शाखामा रहेको प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय सिन्धुपाल्चोकको धरौटी खाता नं ०५७०२०००००२००३००००१ यस अस्पतालको कार्यालय कोड नं. ३७००१२७०१३ मा जम्मा गरेको रकमको सक्कलै बैंक भौचर वा नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य वैंकहरुवाट यस अस्पतालको नाममा जारी गरिएको जमानत पत्र (बैंक ग्यारेन्टी) सक्कलै पेश गर्नुपर्ने छ । साथै यस सूचनामा उल्लेख भएका कुराहरु उल्लेख भए बमोजिम र उल्लेख हुन छुट भएका कुराहरु शिलबन्दी दरभाउपत्रका शर्तहरु, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित नेपालको कानून बमोजिम हुनेछ । विस्तृत जानकारीको लागि यस कार्यालयको सूचना पाटीमा हेर्नुहुन तथा कार्यालय समयमा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ ।

**तपसिलः**

| सि. न. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम भ्याद सहित | विडबन्ड बापतको रकम रु | दरभाउपत्र फाराम दस्तूर रु. |
|---|---|---|---|---|---|
| १ | CHC/ sindhupalchok / 01-082/083 | मेसिनरी औजार उपकरणहरु खरिद (Fully Automatic Biochemistry Analyzer, Biochemistry Electrolyte Analyzer ($Na^+/K^+$), Defibrillator With AED, Suction Machine ) | 19,98,744.00 | 59,000.00 | 1,000.00 |

**नि. मेडिकल सुपरिन्टेन्डेन्ट**


## युएइमा रोजगार

कम्पनी : PRIME SOURCE TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ LT. No. 332673 चलानी नं. ६०२४६२८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 20 | 0 | 1000 | ३८,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ८ गते (25th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NOVA INTERNATIONAL PVT. LTD.
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602, Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम इजाजत नं. १०१९/०६८/०६९

## साउदीमा रोजगार

कम्पनी : ALTHUAKA NUTS COMPANY FOR FOOD INDUSTRIES

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ LT. No. 332609 चलानी नं. ६०२४६२४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 4 | 0 | 1000 | ३७,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOHAMMED ALI AL-GHAWI TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०५/२८ LT. No. 332416 चलानी नं. ६०२४६२४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker Loading And Unloading | 1 | 0 | 1000 | ३७,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ८ गते (25th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 842/066/067
K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.
Sinamangal-9, kathmandu, Nepal, Tel: +977 1 5920922/ 9813333504 (Whatsapp)
E-mail : kpintloverseas@gmail.com, info@kpintloverseas.com.np, Web: www.kpintloverseas.com.np

## कतार/कुवेतमा रोजगार

कम्पनी : DESERT ROSE CL BEAUTY SALOON

पूर्व स्वीकृति मिति : २०८२/०६/३० LT. No. 332483 चलानी नं. ६०२४६२१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beauticians | 0 | 1 | 1700 | ६५,५६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | FEMALE HAIR DRESSER | 0 | 1 | 1700 | ६५,५६३ | | | | | | | |

कम्पनी : POWER GYM HEALTH INSTITUTE

पूर्व स्वीकृति मिति : २०८२/०६/३० LT. No. 332475 चलानी नं. ६०२४६२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 15 | 0 | 100 | ७७,८५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gym Teacher | 5 | 0 | 200 | ९१,५९१ | | | | | | | |
| 3. | Swimming Pool Coach | 5 | 0 | 200 | ९१,५९१ | | | | | | | |

कम्पनी : NOLA LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति : २०८२/०६/२९ LT. No. 332570 चलानी नं. ६०२४६२१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 3 | 150 | ६८,६९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Indoor Cleaners | 0 | 3 | 100 | ७७,८५२ | | | | | | | |
| 3 | MANICURE/PEDICURE | 0 | 3 | 150 | ६८,६९३ | | | | | | | |
| 4 | Nail Technicians | 0 | 3 | 150 | ६८,६९३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ८ गते (18th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



# माइतीघर: तामाङ वैवाहिक संस्कृतिको दर्पण कि मनोरञ्जनमात्र ?



रवीन्द्र तामाङ

समीक्षा

> कथा तामाङ जातिले लेख्नु, तर पटकथा संवाद गैरतामाङले लेखेर हो वा किन हो ? तामाङ जातिको विवाह परम्परागत प्रथाहरु चलचित्रमा भत्काइएका र बिगारिएका छन् । तर यसअघिको नेपाली कथानक चलचित्र 'माइतीघर'को गीत 'यो हो मेरो प्राणभन्दा प्यारो माइतीघर' र तामाङ जातिको विवाह दर्शन समेटिएको 'सृष्टिको कुरा आएछि...' बोलको सेलो गीतले अहिलेको माइतीघर चलचित्रलाई जीवन्तता दिएको छ । यी दुई गीतले नै चलचित्रका सबै कमजोरीलाई बिर्साइदिएको छ ।

## प्रसंग

दसैंको साइत पारेर राजधानीका चलचित्र हलहरूमा असोज १३ गतेदेखि 'माइतीघर' नामक चलचित्र प्रदर्शन भइरहेको छ । चलचित्रले राम्रो व्यापार गरिरहेको समाचार पनि आइरहेको छ । यसैले होला, तामाङ समाजका व्यक्तित्वहरू सिनेघर धाइरहेको सामाजिक सञ्जालबाट थाहा पाउन सकिन्छ ।

मैले पनि असोज २६ गते माइतीघर हेर्ने मौका पाएँ । पहिलो तामाङ चलचित्र 'सेमरी छोरडान'देखि पछि बनेका थुप्रै तामाङ चलचित्रको समीक्षा गर्ने मौका पाए पनि व्यस्तताका कारणले उक्त कार्यलाई निरन्तरता दिन सकिनँ । हालै माइतीघर चलचित्र हेरिसकेपछि समीक्षात्मक लेख लेख्ने प्रयास गरेको छु ।

## विषय प्रवेश

रोहित अधिकारी फिल्मस् प्रालिको ब्यानरमा बनेको चौथो प्रस्तुति हो चलचित्र माइतीघर । यो चलचित्रमा रविन शेरचन र धिरज तामाङको संयुक्त लगानी रहेको छ । संघीय राजधानी र यस वरिपरिका पर्वतीय क्षेत्रका आवाद आदिवासी तामाङ जातिको विवाह संस्कृतिलाई मूल विषयस्तु बनाइएको छ ।

यस चलचित्रलाई दुई आधारबाट यहाँ समीक्षा गरेको छु:

## १. मनोरञ्जनको आधार

'चलचित्र भनेको मनोरञ्जनको साधन हो' भन्ने दृष्टिकोणबाट हेर्दा माइतीघर चलचित्रलाई तामाङ वा गैरतामाङ जुनसुकै दर्शकले यसले भरपुर मनोरञ्जन दिएको छ । कथा, पटकथा, संवाद, अभिनय, छायांकन र निर्देशनको हिसाबले यस चलचित्र व्यावसायिकरूपमा सफल छ । चलचित्रमा युवराज लामा, शिशिर वाङदेल, केदार घिमिरे 'माग्ने बूढा' र बुद्धि तामाङलाई महत्त्वपूर्ण भूमिका दिइएको छ । धिरज मगर, प्रकाश सपुत, उपासना सिंह ठकुरी र श्यामा श्री शेर्पा गौण हुन पुगेका छन् । सहायक कलाकारहरू संगीता थापा र रजनी गुरुङ आ-आफ्ना भूमिकामा जमेका छन् ।

चलचित्रका कथा तामाङ समाजको परिवेश ग्रामीण नै भएकोले सेटिङ मिलेको देखिन्छ । छायांकन र संगीत पनि राम्रो छ । वरिष्ठ गायक तथा संगीतकार चन्द्रकुमार दोङको कथा सांस्कृतिकरूपमा भने कमजोर छ । नायक धिरजले मागी विवाह गर्दा केटी नै नहेरेको विषय निकै काल्पनिक छ । किनभने तामाङ समुदायमा एक त मगनी जानुअघि नै केटाकेटीबीच हिमचिम वा चिनजान भइसकेको हुन्छ । अर्को समयले कोल्टे फेरिसकेको अवस्थामा अहिले अरु समाज पनि उदार भइसकेको छ । विवाहअघि केटाकेटीबीच सक्दो घनिष्ट सम्बन्ध कायम गर्ने कोसिस गरिन्छ ।

तर पटकथा र संवाद रामशरण पाठकले तामाङ संस्कृतिको ज्ञान नभए पनि मनोरञ्जनात्मक रूपमा अब्बल नै लेखिदिएका छन् । उनले तामाङ र ब्राह्मण जातिबीचको सहसम्बन्धमा खलल हुने कुरा उल्लेख गरिदिएका छैनन् । कथा तामाङ जातिले लेख्नु, तर पटकथा संवाद गैरतामाङले लेखेर हो वा किन हो ? तामाङ जातिको विवाह परम्परागत प्रथाहरू चलचित्रमा भत्काइएका र बिगारिएका छन् । तर यसअघिको नेपाली कथानक चलचित्र 'माइतीघर'को गीत 'यो हो मेरो प्राणभन्दा प्यारो माइतीघर' र तामाङ जातिको विवाह दर्शन समेटिएको 'सृष्टिको कुरा आएछि...' बोलको सेलो गीतले अहिलेको माइतीघर चलचित्रलाई जीवन्तता दिएको छ । यी दुई गीतले नै चलचित्रका सबै कमजोरीलाई बिर्साइदिएको छ ।

कथा तामाङ समाजको भए पनि चलचित्रको नाम नेपालीमा हुनु, निर्माता र निर्देशक तामाङ जातिका हुँदाहुँदै पनि तामाङ चलचित्रका वरिष्ठ कलाकारहरूलाई गीतमा झुलुक्क समेट्नु र तामाङ विवाह मौलिकतालाई तोडमोड गरेर देखाइनु नै यस चलचित्रको दुर्बल पक्ष हो भन्दा फरक पर्दैन । यति कमजोरी हुँदाहुँदै पनि चलचित्रले तामाङ दर्शकबाट नै मनग्य आम्दानी गर्ने कुरा भने निर्विवाद छ ।

## २. तामाङ संस्कृतिको आधारमा

'चलचित्र समाजको दर्पण, इतिहास र अभिलेखीकरण पनि हो' भन्ने दृष्टिकोणबाट हेर्ने हो भने यस चलचित्रमा धेरै राम्रा कुराहरू प्रस्तुत गरिएका छन् । तामाङलगायत आदिवासी जनजाति आज पनि आफ्नो मौलिक पहिचान (भाषा, संस्कृति र इतिहास)का लागि संगठित भएर लडिरहेका बेला आएको माइतीघर चलचित्रको यो सबल पक्ष मान्नुपर्छ ।



तर चलचित्रको कथालाई मनोरञ्जनात्मक रूपमा आकर्षण गर्नका लागि विभिन्न सूत्र र जुक्तिको प्रयोग परीक्षणका रूपमा गरिएका छन् । जसलाई पात्र, संवाद र अभिनयमार्फत प्रस्तुत गर्दा भने तामाङ जातिको विवाह संस्कृतिका मौलिक परम्परालाई नै खिल्ली उडाएको देखिन्छ । जुन कुरा गैरतामाङले बुझ्दैनन्, उनीहरूले तामाङ संस्कृति भनेको यस्तो पो रहेछ भनेर बुझ्दछन् ।

### उदाहरणका लागि:

१. चलचित्रको नाममा नै तामाङपन नहुनु ।
२. तामाङ विवाहको कथा मागी र भागी भएता पनि सांस्कृतिक यथार्थताभन्दा बढी काल्पनिक सूत्र वा जुक्तिहरू प्रयोग गरिनु ।
३. तामाङ विवाहको मौलिक परम्परा 'मामाचेला-फुपूचेली' मा धर्मपुत्रलाई घुसाइदिनु ।
४. तामाङ विवाहमा ब्राह्मण बाजेले लमी बनेर केटी खोज्ने दृश्य समेट्नु ।
५. लमी हरी ब्राह्मणको पतिसँग सम्बन्धबिच्छेद् भएकी एक छोराकी आमा (तामाङनी)सँग लसपसे सम्बन्धको दृश्य समेट्नु ।
६. मागी विवाहमा केटापक्षले केटी माग्न जाँदा केटीले विवाहका लागि स्वीकार गरेपछि मात्र सगुन, कोसेली र पोङ लगिने प्रसंगमा हुनुपर्नेमा अन्यथा प्रस्तुत गरिनु ।
७. भागी विवाहमा केटापक्षको परिवारको जोडबल हुनुपर्नेमा केटीपक्षको सपरिवारकै सदिक्षा बढी भएको दृश्य देखाइनु ।
८. मागी विवाह केटीपक्षले बिराजी भइसकेपछि पोङ फिर्ता गरेर विवाह रद्द हुनुपर्नेमा त्यसो नभई विपरीत दृश्य राखिनु ।
९. तामाङ समाज मातृसत्तात्मक समाज पनि भएकोले आफ्ना छोरीचेलीहरूलाई विवाह भएर गए पनि वा विवाह टुटेर पनि ऊ माइतीघरमा निर्धक्कसँग बस्न सक्ने समाज हो भन्नेमा चलचित्र स्पष्ट भएको संवाद नपाइनु ।
१०. चलचित्रको शीर्षकअनुसार मूल नायिकाहरूको अहम् भूमिका अर्थात् सशक्त हुनुपर्नेमा पुरुषप्रधान समाजजस्तो नायकहरूमा निर्भर भएको दृश्य देखाइनु ।
११. तामाङ समाजमा विवाह भंग भएमा छोरी अर्कैलाई गएका कारण छोरी दिन नसक्नेले वा छोराले अर्कै केटी ल्याएर मागेको छोरी वा ज्वाइँ जो जसले छोडे पनि क्षतिपूर्ति भर्ने परम्परा छ तर चलचित्रमा देखाएजस्तो दृश्य तामाङ समाजमा पाइँदैन ।
१२. तामाङ विषयवस्तुमा बनेको चलचित्रमा पनि वरिष्ठ तामाङ कलाकारहरू निरीह भएर गीत र नृत्यतिरमात्र झल्याकझुलुक देखाइनु ।

माइतीघर चलचित्रमा तामाङ संस्कृतिमा नै नभएका परम्पराहरूमाथि उल्लिखित दृश्यहरू कथाकार, पटकथाकार र संवाद लेखकले मनसायगतरूपमा वा आदर्श समाज निर्माणका लागि बुनिदिएका छन् । हामीले उक्त दृश्यहरू चलचित्रलाई मनोरञ्जन प्रदान गर्नमात्र लेखेका हौं भन्न सक्नुहोला । तर तामाङ कथाकार र निर्देशक रहेको तामाङ कथानक चलचित्रमा यस्ता दृश्यहरू नआएको भए राम्रो हुन्थ्यो भन्ने मेरो मनसाय हो ।

## केही उदेकलाग्दा र नबुझिने कुराहरू

प्रस्तुत चलचित्रमा त्यस्तो के नै फरक र ऐतिहासिक कुरा छ र ? आफ्नो हैसियत नै छोडेर तामाङ चलचित्रमा 'महानायक' भनी चर्चामा रहेका अमिर दोङ एउटा विवाहको तम्बा गीतमा देखिन्छन् । त्यसैगरी तामाङ चलचित्रकी वरिष्ठ नायिका चाँदनी मोक्तान पनि सोही गीतमा झुलुक्क देखिन्छिन् । तामाङ हास्य कलाकार कुइसाङ रुम्बा पनि झुलुक्क देखिएकाले धेरैलाई यो दृश्यले हँसाउन सक्छ । तामाङ चलचित्र जगतमा स्थापित यी अनुहारहरूलाई देखाउने मात्रै काम गरेकोले यसलाई विडम्बनाको रूपमा लिनुपर्दछ । यी कलाकारहरूले पनि तामाङ चलचित्रभन्दा माइतीघरलाई ठूलै ठानेका हुन् कि ? भन्ने प्रश्न उठेको छ ।

यदि चलचित्रका निर्माता धिरज तामाङ र निर्देशक मिलन तामाङले चाहेको भए अमिर दोङ र चाँदनी मोक्तान जस्ता कलाकारलाई मुख्य भूमिकामा लिन सक्थे । तर उनीहरूले ती तामाङ अनुहारहरू नेपाली चलचित्रमा बिकाउ नहोलान् भनेर जोखिम मोल्न नचाहेको प्रस्ट देखिन्छ । गीतअनुसार सेलो गायक फूलकूमार बम्जनको भूमिका भने सुहाउँदो नै देखिन्छ । उनको भूमिका र अभिनय ठिकै देखिन्छ । साथै, उनी गायनमा जमेका छन् ।

चलचित्रका लेखक वरिष्ठ गायक चन्द्रकुमार दोङले तामाङ विवाहको कथा निर्देशकले नेपाली चलचित्र लेखनमा समाहित रामशरण पाठकलाई व्यावसायिकरूपमा पटकथा र संवाद लेख्न लगाएर मनोरञ्जनात्मक जीवन्तता दिन लगाएको देखिन्छ । यसैगरी तामाङ विवाहमा आधारित कथामा व्यावसायिक नेपाली चलचित्रमा स्थापित कलाकारलाई अभिनय गराएका छन् । तामाङ समाजमा 'कसैसँग माया प्रेम हुन गए सो प्राप्तिका लागि, आफ्नो नातागोता, जातभात, थरघर र संस्कृति परम्पराभन्दा माथि मानवताका लागि उठ्नुपर्छ है' भनेर अप्रत्यक्ष रूपमा समाजमा सन्देश दिन चलचित्र सफल भएको देखिन्छ ।

## निष्कर्ष

हरेक चलचित्र प्रस्तुत गर्दा 'यस चलचित्र विशुद्ध मनोरञ्जनका लागि बनाइएको हो, यसबाट कसै (व्यक्ति वा समाज) लाई चोट पर्न गएमा, त्यो संयोगमात्र हुने छ' भनेर कैफियत लेखेर प्रस्तुत गरिएको हुन्छ । माइतीघर चलचित्र पनि प्रस्तुत गर्दा त्यस्तै 'कर्मकाण्ड' पूरा गरिएको छ । यसो भनिरहँदा तामाङ जातिकै कथाकार, निर्माता र निर्देशक भएको नाताले यस चलचित्रमा तामाङ विवाह परम्परा, दर्शन र मान्यताका दृश्यहरू यथार्थभन्दा बढी काल्पनिकरूपमा प्रस्तुत गरिएको छ । जसले गर्दा माइतीघर चलचित्र तामाङ वैवाहिक संस्कृतिको दर्पण हो कि मनोरञ्जन गर्ने उद्देश्यले निर्माण भएको हो भन्ने प्रश्न खडा गरिदिएको छ ।

नेपालका हरेक जातजातिका संस्कृति अमूर्त सम्पदा हुन् । यसको जगेर्ना र सम्मान गर्न हामी सबैको सद्भावना र कर्तव्य भएकोले जुन जातिका विषयमा चलचित्र निर्माण गर्ने हो, निर्माणसँग सम्बन्धित सबैले सो जातिको विषयमा थोरै भए पनि अध्ययन अनुसन्धान गर्न जरुरी हुन्छ । यसले सम्बन्धित जातिको सांस्कृतिक मूल्यमान्यता र मौलिकता एकातिर बुझिन्छ भने अर्कोतिर सो जाति र समाजलाई समेत चलचित्रजस्ता सशक्त माध्यमबाट अझ बढी रूपान्तरण गरेर सभ्य र सुसंस्कृत बनाउन सकिन्छ ।

rabindratamang@gmail.com



# सुनापतिका ७७ परिवार पहिरोको जोखिममा



**मन्थली (रामेछाप)–** रामेछाप जिल्लाको सुनापति गाउँपालिकाका ७७ परिवार पहिरोको उच्च जोखिममा रहेका छन् । उक्त पालिकाको वडा नम्बर ३ का चार टोलका बासिन्दा पहिरोको जोखिममा परेका हुन् । पहिरोले पूरै बस्ती नै तानेपछि तत्काल सुरक्षित ठाउँमा स्थानान्तरण गरिदिन पीडितले माग गरेका छन् ।

सुनापति-३ मा पर्ने केउरेनी, साउने, नागासिवा र च्याम्दुङ टोलका बासिन्दा विस्थापित हुने खतरा छ । विगत लामो समयदेखि सामान्य पहिरो खस्दै आएको उक्त बस्ती यही असोज १७, १८ र १९ गते परेको अविरल वर्षाका कारण झन जोखिममा परेको हो ।

पहिरोले बस्ती नै तलतलिर तानेपछि कतिपय घर भत्किसकेका छन् भने धेरजैजो घर चिराचिरा परेर ढल्ने अवस्थामा पुगेका छन् । वर्षा रोकिएको दुई बित्न लाग्दा समेत पहिरो भने रोकिएको छैन । चक्लाबन्दी पहिरोका कारण बस्ती दिनदिनै तलतल सर्दै गइरहेका छन् । जोखिममा परेका बस्तीका बासिन्दालाई सुरक्षित ठाउँमा सार्ने काम अघि बढाइएको र राहतबापतको केही रकम पनि दिने तयारी भएको सुनापति गाउँपालिकाकी उपाध्यक्ष गीता विष्टले बताइन् ।

घरहरू दिनदिनै खानीखोलातर्फ बग्दै गएपछि पीडितले आफूहरूलाई तत्कालै सुरक्षित ठाउँमा बस्ने बासको व्यवस्था मिलाइदिन माग गरेका छन् । उक्त बस्तीमा बस्न सक्ने अवस्था नभएकाले तत्काललाई सुरक्षित ठाउँमा बस्ने वास मिलाइदिन र स्थानीयवासीका लागि सुरक्षित ठाउँमा बस्ती नै सार्नुपर्ने स्थानीय पीडित सीता खड्का बताउँछिन् ।

पहिरो क्षेत्रमा पर्ने बस्तीका बासिन्दालाई राति त्यस ठाउँमा नबस्न गाउँपालिकाले आग्रह गरे पनि अन्त बस्ने ठाउँ नहुँदा पीडित त्यहीँ बस्न बाध्य छन् । स्थानीय पीडित मीनबहादुर खत्रीका अनुसार २०३५ सालमा त्यस ठाउँलाई पहिरोको जोखिम क्षेत्रमा सूचीकृत गरिएको थियो । त्यति बेला त्यहाँका केही बासिन्दालाई बसाइँ सारेर अन्यत्र लगिए पनि पछि त्यस ठाउँमा पुनः बस्ती बसालिएको थियो । अब यस ठाउँमा बस्न सक्ने अवस्था नरहेको तर अन्यत्र सर्न पनि आफ्नो निजी जग्गा जमिन यही ठाउँमा भएको पीडित रोज थिङले बताए ।

सुनापति-३ का वडाध्यक्ष कुलबहादुर थिङको नेतृत्वमा समिति बनाएर पीडितको पहिचान गरिसकिएकाले अब तत्कालै उनीहरूलाई राहत र पुनर्वासको व्यवस्था मिलाइने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेशकुमार श्रेष्ठले बताए । पहिरो जोखिम क्षेत्रका बासिन्दालाई सरकारले तत्कालै राहत सँगसँगै उनीहरूको जीवन रक्षाका लागि अन्यत्र बसाइँसराइ गराएर स्थायीरूपमा पुनर्वासको व्यवस्था मिलाउन नसके ठूलो जनधनको क्षति अवस्था रहेको छ । *रासस*

# सिमाना कुर्न बसेको ‘चिमाङ’ गाउँको मौलिकतता

■ सुन्दरकुमार थकाली

**मुस्ताङ–** झण्डै ५०० वर्षअघि यहाँको घरपझोङ-५ ठिनीमा राजा थर्कोचेनले शासन चलाएका थिए । मुस्ताङको पाण्डाखोलादेखि तल्लो भू-भाग चिमाङ र चोखोपानी खोलासम्म राजा थर्कोचेनको राज्य थियो ।

राजा थर्कोचेनको राज्य सुरक्षाका लागि बसाइलिएको बस्ती हो मुस्ताङको घरपझोङ-१ चिमाङ गाउँ । राजा थर्कोचेनले त्यस समय ठिनी गाउँमा रहेको तीन गाउँले थकाली समुदायमध्येको एक ध्याकल फोपे समूहलाई आफ्नो राज्यको सिमाना कुर्न र त्यहाँको रेखदेखका लागि बस्ती बसालेका थिए भन्ने भनाइ छ ।

समुद्री सतहको करिब तीन हजार मिटरभन्दा माथि उचाइको भिरालो स्थान चाखोपानी खोलाको भिरको थुम्कोमा सिमाना कुर्न बस्ती बसालेको चिमाङ गाउँका अगुवा इन्द्रप्रसाद थकाली बताउँछन् । सुरुआती चरणमा यहाँ सिमाना रक्षाका लागि ठिनी गाउँबाट ध्याकल फोपे समूहलाई बस्ती बसालेर स्थानान्तरण गरेको अगुवा उनको भनाइ छ । त्यस समय यहाँ बस्ती बसालेर सिमाना रक्षाका खटिएका समूहलाई दुःख, बिरामी हुँदा झारफुक गर्ने र दैवी तथा प्राकृतिक प्रकोपबाट मुक्त गराउन पूजापाठका लागि ठिनीका राजाले त्यहीका झाँक्री फोपे समूहलाई पनि चिमाङ गाउँमै स्थानान्तरण गरेका अगुवा थकालीको भनाइ छ । त्यसपछि यहाँ ठिनीका राजाको सिमाना कुर्न ध्याकल र झाँक्री फोपेको संयुक्त बस्ती बसेको बताइन्छ ।

यहाँको चिमाङ गाउँ राष्ट्रिय गौरवको बेनी-जोमसोम सडकबाट कालीगण्डकीपारि अग्लो स्थानमा अवस्थित रहेको कृषि गाउँका रूपमा परिचित छ । यहाँ सुरुआती चरणमा ३५ घरपरिवारको बसोबास रहेकामा पछिल्लो समय यो बस्ती मिश्रित बस्तीका रूपमा परिणत भएको छ । सीमारक्षाका लागि त्यस समय बसेको चिमाङ बस्तीका एकतिहाइ घरपरिवारले बस्ती छाडिसकेको चिमाङका अगुवा इन्द्रप्रसाद थकाली बताउँछन् । उनका अनुसार यहाँका कतिपय घरपरिवार वैकल्पिक व्यापार व्यवसाय र रोजगारीका लागि पोखरा-



काठमाडौंलगायत सहरमा पलायन भएका छन् । गाउँमा कृषिबाहेक अन्य सम्भावना नरहेको र भौगोलिक रूपलेसमेत विकट स्थानमा रहेकाले बस्तीमा पुराना मानिसको संख्या घट्दै गएको छ ।

त्यसो त यहाँको पुरानो बस्ती चिमाङमा स्थानीय घरपरिवारले बस्ती त्यागे पनि रुकुम, धादिङ र म्याग्दीबाट मानिस यहाँ आएर बस्न थालेका छन् । यहाँ स्थानीय दलित समुदायको पनि करिब पाँच-छ घर रहेको उनको भनाइ छ । तीन गाउँले थकाली समुदायका रूपमा यहाँको घरपझोङ गाउँपालिकाको ठिनी, स्याङ र चिमाङ गाउँ रहेका छन् ।

यहाँको चोखोपानी खोला नजिकै भिरालो पाखोमा बसेको चिमाङ गाउँमा परम्परागत पुराना सांस्कृतिक घरहरूको बनावट निकै लोभलाग्दो र आकर्षक देखिन्छन् । निलगिरि हिमालको फेदैमा अवस्थित घना जंगलको मुनि चिमाङ गाउँ अवस्थित छ । यो गाउँ थकाली समुदायको सांस्कृतिक गाउँका रूपमासमेत परिचित छ ।

भौगोलिक जटिलता भएको स्थानमा त्यस समय ठिनीका राजाले बस्ती बसालेका भए पनि त्यहाँ बसोबास गर्नेहरूको दैनिकी निकै कष्टकर नै थियो । नागरिकको आधार भूत सेवा शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी र प्रशासनिकलगायतका सेवा निकै असहज थियो । गाउँसम्म पुग्ने सडक, सञ्चार, विद्युत् र कालीगण्डकी नदीमा पुल नहुँदा यहाँका नागरिक विभिन्न प्रकार सास्ती भोग्न बाध्य थिए ।

पछिल्लो समय यस गाउँको स्वरूपमा पहिलेको भन्दा निकै परिवर्तन आइसकेको छ । गाउँमा आधारभूत तह (१-५) सम्मको शिक्षा उपलब्ध गराउन विद्यालय खुल्यो । तर यहाँ बस्ती विस्थापित हुने क्रम, जन्मदर घट्दो हुनु र केही हुनेखानेले सुगम विद्यालयमा पढाउनेलगायत कारण यहाँका विद्यालयमा विद्यार्थी संख्या निकै कम छ । त्यसैगरी, यहाँको चिमाङ गाउँमा स्थानीय नागरिकको स्वास्थ्य सेवाका लागि आधारभूत स्वास्थ्य केन्द्र स्थापना भइसकेको छ । सेवाबाट चिमाङका नागरिकले साधारण उपचार गाउँमै पाएको अगुवा इन्द्रबहादुर थकालीको भनाइ छ । गाउँमा विद्युत्, सञ्चार, सडकलगायत सेवाको पहुँच विस्तार भएकाले चिमाङमा सम्भावना ढोका खुलेको उनले बताए । हालै कालीगण्डकी नदीमा पक्की पुल बनेको र गाउँसम्म जाने कच्ची सडक विस्तार भएकाले गाउँसम्म मोटर पुग्न थालेको छ ।

जलवायु परिवर्तन र वन्यजन्तुको आतंकले चिमाङ गाउँका स्थानीयलाई निकै हैरानी बनाएको छ । पछिल्लो समय जलवायु परिवर्तनका कारण स्याउ बगैंचा व्यवस्थापन गर्ने समयमा हिउँ नपर्दा कृषि उत्पादनमा प्रतिकूल असर पुगेको अगुवा थकाली बताउँछन् । यहाँ स्याउलगायत अन्नबालीलाई पर्याप्त चिस्यान चाहिने र अनुकूल समयमा हिउँ नपर्दा उत्पादन कम हुने अन्नबालीमा विभिन्न रोगकीराको संक्रमण देखिएको उनले बताए ।

त्यसैगरी, चिमाङका किसानले मिहेनतले गरेको खेती पनि संरक्षित वन्यजन्तु हिमाली कालो भालुले रातिको समयमा खेतबारीमा पसेर सखाप पारिदिने गरेको छ । यहाँका किसानले स्याउ र अन्य अन्नबाली जोगाउन रातिको समय थाल, टिन र ढ्यांगो ठटाएर भालु धपाउने काम गर्दै आइरहेका छन् । यहाँ किसानले उत्पादन गरेको अन्नबाली जोगाउन वैज्ञानिक रणनीति अख्तियार गर्नुपर्ने अगुवा थकालीले सुझाए । यहाँ केही वर्षअघि भालु धपाउने यन्त्र प्रयोग गरिएको भए पनि त्यो सफल नभएको उनले बताए । एक्यापले यहाँको खेतीयोग्य जमिनमा तारबार लगाएको भए पनि भालुको आतंक नरोकिएको उनको भनाइ छ ।

यहाँको प्राचीन बस्ती चिमाङ पर्यटकीय गन्तव्यका रूपमा पनि निकै सम्भावना बोकेको गाउँका रूपमा लिने गरिएको छ । चिमाङ गाउँबाट धवलागिरि हिमाल, धवलागिरि आधार शिविर, मानापाथी हिमाल र नीलगिरि हिमाल निकै मनमोहक र आकर्षक देखिन्छ । त्यसैगरी यहाँबाट कालीगण्डकी करिडोर, स्याउ बगानदेखि स्याङ, मार्फा, छैरो, टुकुचे, कोवाङ र नाउरीकोटलगायत आधा दर्जन गाउँ सुन्दर देखिन्छ ।

चिमाङ गाउँ जंगल सफारीका लागि प्रचुर सम्भावना भएको क्षेत्र हो । गाउँबाट केही माथिसम्म जंगल सफारीका लागि पदमार्ग निर्माण भएको छ । गाउँमाथिको जंगलमा गुफा अवस्थित छ । यहाँ राउण्ड अन्नपूर्ण चक्रीय पदमार्ग रहे पनि पछिल्लो समय पदमार्गमा पर्यटक हिँड्न छाडिसकेका र पदमार्ग पनि जीर्ण बन्दै जान थालेको छ ।

गाउँमा रहेका पुराना घरहरू अहिले जोखिममा छन् । जलवायु परिवर्तनका कारण वर्षा धेरै हुन थालेपछि भिरालो सतहमा अवस्थित यहाँको चिमाङ गाउँ जोखिममा रहेको अगुवा थकालीले बताए । ‘पहिलापहिला त ठिकै थियो, अहिले त बढी पानी पर्न थालेको छ, वर्षाले भिर नै भासियो भने त बस्ती नै नरहने पो हो कि भन्ने चिन्ता छ,’ उनले भने । गाउँका पुराना परम्परागत गुजमुज्ज घर पनि वर्षौं वर्षदेखिको घामपानीका असरले जीर्ण बन्दै जान थालेका छन् । परम्परागत घरको संरक्षण गर्न चासो नपुगेकै कारण कतिपय घरको अवस्था दयनीय रहेको उनले बताए । सरकारले सांस्कृतिक मौलिकता झल्काउने यस प्रकारका पुराना घर जोगाउन अनुदानका कार्यक्रम ल्याउन सकेमा राम्रो हुने उनले बताए । *रासस*

## एक सय जनामा क्षयरोग संक्रमण

**ओखलढुंगा (प्रस)–** ओखलढुंगामा १०० जनामा क्षयरोग संक्रमण पुष्टि भएको छ । जिल्ला स्वास्थ्य कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/८२ देखि चालु आव २०८२/८३ को हालसम्ममा सो संख्यामा संक्रमित भेटिएका हुन् ।

कार्यालयका सूचना अधिकारी विवेक पोखरेलका अनुसार आर्थिक वर्ष २०८१/८२ मा ६५ पुरुष र ३० महिलामा क्षयरोग पाइएको थियो । चालु आवको हालसम्म तीन पुरुष र दुई महिलामा क्षयरोग संक्रमण पुष्टि भएको उनले बताए ।

गत आवमा सबैभन्दा बढी सिद्धिचरण नगरपालिकामा ४० जनामा क्षयरोग संक्रमण भएको पाइएको थियो । चिशखुगढी गाउँपालिकामा एक जनामा, सुनकोशी गाउँपालिकामा १५, खिजीदेम्बामा १४, मानेभञ्ज्याङमा १३, चम्पादेवीमा ६, लिखुमा चार र मोलुङ गाउँपालिकामा दुई जनामा क्षयरोग संक्रमण पुष्टि भएको सूचना अधिकारी पोखरेलले बताए ।

### शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावर बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशित मितिः २०८२/०७/०१**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँके को च.न २३०० मिति २०८१/११/०२ को वन पैदावार संकलन सहमयत बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँके को च.न ८८४ मिति २०८२/०६/२९ गतेको बाह्य लिलाम सहमति पत्रानुसार समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, धौटी लगायत जातका कुल जम्मा गोलिया थान १०८६ को ३५९२.३४ क्यू.फिट काठ तथा साल जातको ४ चट्टा दाउरा र अन्य जातको १०.५ चट्टा गरी कुल १४.५ चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सूचना प्रकाशित गरिएको हो । इच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको दिउसो १२:३० बजे भित्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पातिकामा टाँस गरिएको छ ।

**श्री भगवती सामुदायिक वन उपभोक्ता समूह, राप्तीसोनारी-०८, बाँके**

### पूर्वीचौकी गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय

**सानागाउँ, डोटी**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृति गर्ने सम्बन्धित आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/०६/३१**

यस पूर्वीचौकी गाउँपालिका कार्यालय, डोटीबाट मिति २०८२/०५/१३ र मिति २०८२/०६/१२ गते राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार तोकिएको मितिभित्र रितपुर्व दर्ता हुन आएका बोलपत्रदाताको बोलपत्र छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा (२७) को उपदफा (२) बमोजिम को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का न. | विवरण | छनोट भएका बोलपत्रदाता | कबोल अंक रु. (पी.एस. तथा मु.अ.का र खबत बाहेक) |
|---|---|---|---|
| SQ/PRM/DOTI/01/082/083 | karyalayako lagi aabasek masalanda samgri kharid karya Purbichauki RM Doti | Salghari Enterprises PVT.LTD Lalitpur | 691,400.00 |
| SQ/PRM/DOTI-02/082/083 | procurement of Necessary medicine and surgical supplies | Raulakedar Medicine Suppliers Kailali | 720395.00 |

**प्रमुख प्रशासकीय अधिकृत**


**कतारमा रोजगार** कम्पनी : FIVE DOHAR HYPERMARKET

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | LT. No. 332524 | चलानी नं. ६०२४६२२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 8 | 1500 | ५७,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1000 | ३८,५६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कार्तिक ८ गते (25th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREATER VISION OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. २८२/०५८/०५९

Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, 9804922520 Fax: +977-1-4469772



**कतारमा रोजगार** कम्पनी : Top Notch Interior Trading and Contracting

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | LT. No. 332553 | चलानी नं. ६०२४६२५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1500 | ५७,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Electrician | 2 | 0 | 1500 | ५७,८५० | | | | | | | |
| 3 | Mason/tile Worker | 2 | 0 | 1500 | ५७,८५० | | | | | | | |
| 4 | Plumber | 2 | 0 | 1500 | ५७,८५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कार्तिक ८ गते (25th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HAPPY NEPAL EMPLOYMENT PVT. LTD** श्रम ईजाजत नं. ८८३/०६७/०६८

Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9810124818, 9847364227, Email: happynepalemployment@gmail.com, happynepal26@gmail.com, Web: www.happynepalemployment.com.np, Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com



**युएइमा रोजगार** कम्पनी : ARZA LADIES BEAUTY CENTRE

पूर्व स्वीकृति मिति : २०८२/०६/३० | LT. No. 332511 | चलानी नं. ६०२४६२२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 1 | 1700 | ६४,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कार्तिक ८ गते (18th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.** श्रम ईजाजत नं. १५४८/०७८/०७९

Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536 Mob: 9802343008, Email: hrnepalservices@gmail.com


### शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावर बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशित मितिः २०८२/०७/०१**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँके को च.न २५११ मिति २०८१/११/१५ को वन पैदावार संकलन सहमयत बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँके को च.न ७६१ मिति २०८२/०६/१२ गतेको बाह्य लिलाम सहमति र जिल्ला वन पैदावार आपुर्ति समिति, बाँकेको च.नं. २०९ मिति २०८२/०३/३० गतेको काठ दाउरा फिर्ता गरिएको पत्रानुसार समूहको घाटगद्दीमा रहेका साल, असना, जामुन, कर्मा, कुम्भि, धौटी, खयर, दवदवे, लगायत जातका कुल जम्मा गोलिया थान ७३४ को ४६०३.९९ क्यू.फिट काठ तथा साल जातको ५ चट्टा दाउरा र अन्य जातको २१.२५ चट्टा गरी कुल २६.२५ चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सूचना प्रकाशित गरिएको हो । इच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको दिउसो १२:३० बजे भित्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पातिकामा टाँस गरिएको छ ।

**श्री सिद्ध साईकुमारी सामुदायिक वन उपभोक्ता समूह, राप्तीसोनारी-०२, बाँके**

प्रभाव दैनिक

रूपशाला

## 'लाली बजार' को छायांकन सुरू

फिल्म 'लाली बजार' को छायांकन सुरू भएको छ । बुधवार बर्दियाको राजापुरमा शुभमुहुर्त गर्दै फिल्मले छायांकन सुरू गरेको हो । फिल्मका निर्देशक यम थापा रहेका छन् । ३५ दिनको छायांकन सेडुलसहित सुरू भएको फिल्मको मुख्य भूमिकामा अभिनेत्री स्वस्तिमा खड्का छिन् । फिल्मलाई 'जात्रा' सिरिजमार्फत स्थापित निर्माण संस्था षट्कोण आर्ट्सले निर्माण गर्न लागेको हो । लेखनसहित निर्देशक थापाकै रहेको फिल्ममा रवीन्द्रसिंह बानियाँ, म्याक्स दीपेश खत्री निर्माता र निर्देशक प्रदीप भट्टराई कार्यकारी निर्माताका रूपमा रहेका छन् ।



शनिबार, ०१ कात्तिक २०८२ (Saturday, 18 October 2025)

# 'मनविनाको धन'को नयाँ पोस्टर




■ प्रभाव संवाददाता

**काठमाडौं–** कात्तिक २१ गतेबाट प्रदर्शन हुन लागेको फिल्म हो 'मन बिनाको धन' । प्रदर्शन मिति नजिकिँदै गर्दा निर्माण युनिटले फिल्मको नयाँ पोस्टर सार्वजनिक गरेको छ । फिल्मका मुख्य अभिनेता तथा गायक अशोक दर्जीलाई केन्द्रमा राखिएको पोस्टरमा आँसु र हाँसोको मिश्रण देखिन्छ ।

अशोक ओठमा हाँसोसहित आँखाबाट अश्रुधारा बगाउँदै देखिएका छन् । यसले फिल्ममा अशोकको सङ्घर्ष र सफलताको कथा रहेको सङ्केत गर्छ । फिल्मका निर्देशक टंक बुढाथोकी हुन् ।

पोस्टरमा फिल्मका मुख्य कलाकारहरू सरोज खनाल, निता ढुङ्गाना, रमेश विश्वकर्मा, भोला सापकोटा, बुद्धि तामाङ र रवीन्द्र झालाई पनि देख्न सकिन्छ । बुद्धि सेक्युरिटी गार्डको पोसाकमा देखिएका छन् भने निता सहितका कलाकारहरू गम्भीर मुद्रामा चित्रित छन् । पोस्टरमार्फत पात्रहरूको मनोदशालाई प्रस्तुत गरिएको निर्देशक बुढाथोकीले बताए ।

'कथा जिरोदेखि हिरोसम्म' को ट्यागलाइन राखिएको फिल्ममा सन्तोष पन्त, रमा थपलिया, पार्वती अधिकारी, उत्सव सापकोटा, एआर बुढाथोकी, शंकर श्रेष्ठ, साम्राज्ञी थापा, बिना राउत, बाबु पराजुली, रक्षा श्रेष्ठ, प्रियङ्का झा लगायतको पनि अभिनय रहेको छ । फिल्ममा निर्देशक टंक बुढाथोकी स्वयंको कथा तथा संगीत छ भने शिवम् अधिकारीको पटकथा तथा संवाद छ ।

सौरभ लामाको छायांकन, कविराज गहतराज र रामजी लामिछानेको कोरियोग्राफी, मित्र डि.गुरुङको सम्पादन रहेको फिल्मको विष्णुमाया मैनाली निर्माता र जी.पी सङ्गौला, विवेक नेपाल र विजया पाण्डे सह-निर्मातामा रहेका छन् । फिल्मको कार्यकारी निर्माता सपना शर्मा हुन् ।

# १७८ चलचित्रकर्मीलाई परिचयपत्र

■ प्रभाव संवाददाता



**काठमाडौं–** चलचित्र विकास बोर्डले १७८ जना चलचित्रकर्मीलाई परिचयपत्र वितरण गरेको छ । २ दशकभन्दा लामो समयदेखि स्वदेशी चलचित्र क्षेत्रमा सक्रिय रहँदै आएका उनीहरूलाई शुक्रबार आयोजित समारोहमा परिचयपत्र बाँडियो ।

यसअघि ३० वर्षभन्दा बढी समय चलचित्र क्षेत्रमा योगदान दिएका कलाकार, निर्देशक, प्राविधिक र अन्य क्षेत्रका व्यक्तिलाई 'विशिष्ट चलचित्रकर्मी परिचयपत्र' ८८ जनालाई प्रदान गरिएको थियो । बोर्डले यसै आर्थिक वर्षदेखि विशिष्ट चलचित्रकर्मीका लागि वार्षिक डेढलाख रूपैयाँ बराबरको स्वास्थ्य उपचार बीमा तथा सामान्य चलचित्रकर्मीका लागि ७५ हजार रूपैयाँ बराबरको स्वास्थ्य बीमा सुविधा सुरु गरेको छ ।

कार्यक्रमको अध्यक्षता बोर्ड अध्यक्ष दिनेश डीसीले गरेका थिए । विशेष अतिथि सूचना, सञ्चार तथा प्रविधि मन्त्रालयका सहसचिव कोषहरी निरौला रहेका थिए ।

कार्यक्रममा बोल्दै अध्यक्ष डीसीले चलचित्रकर्मीलाई परिचयपत्र प्रदान गर्नु केवल औपचारिकता नभई पेशागत पहिचान र अन्तर्राष्ट्रिय स्तरमा मान्यता दिलाउने कदम भएको बताए ।

उनले भने, 'चलचित्रकर्मीको पहिचान, सामाजिक सुरक्षा र प्रतिष्ठाको संरक्षणका लागि बोर्ड निरन्तर क्रियाशील रहन प्रतिबद्ध छ ।' सो अवसरमा चलचित्र क्षेत्रका वरिष्ठ कलाकार, निर्देशक, निर्माता र प्राविधिकहरूको उपस्थिति रहेको थियो ।

# प्रदर्शनमा अनमोल अभिनित 'जेरी अन टप'

■ प्रभाव संवाददाता



**काठमाडौं–** सगरमाथा आरोहण र त्यसक्रमको प्रेमकथामा आधारित रहेर तयार गरिएको नेपाली चलचित्र 'जेरी अन टप' शुक्रबारदेखि दर्शकमाझ प्रदर्शनमा आएको छ ।

चलचित्रमा अभिनेता अनमोल केसीले सगरमाथा चढ्ने युवाको भूमिका निर्वाह गरेका छन् । चलचित्रमा देखिँदा स्वाभाविक लागोस भनेर उनले र चलचित्रमा सगरमाथा चढ्न सघाउने 'गाइड' बनेकी अभिनेत्री जसिता गुरुङले एक महिना प्रशिक्षण पनि लिएकी थिइन् ।

प्रदर्शनमा आएको चलचित्र 'जेरी अन टप' पश्चात् अन्य निर्मातालाई पनि हिमाली कथामा चलचित्र बनौं प्रेरणा मिल्ने अभिनेता केसीको बुझाइ छ ।

चलचित्रकी अर्की अभिनेत्री आँचल शर्माले झन्डै ११ वर्ष अगाडि प्रदर्शन भएको 'जेरी'ले युवापुस्तालाई चलचित्र भवनसम्म आकर्षित गरेकोले सोही नामसँग मिल्दो चलचित्र 'जेरी अन टप'ले पनि नयाँ पुस्तालाई आकर्षित गर्ने बाताइन् ।

उक्त चलचित्रका प्रस्तुतकर्ता सरोज न्यौपानेले युवापुस्ताको कथामा नेपालको सौन्दर्य देखिने एउटा स्तरीय चलचित्र बनाउने कोसिस गरेको बताए । उक्त चलचित्रमा अभिनेता केसीसँगै भुवन केसी, आँचल शर्मा, जसिता गुरुङ, केदार घिमिरे 'माग्नेबुढा', उषा खड्गीलगायत कलाकारले अभिनय गरेका छन् ।

'अनन्या फिल्म्स प्रोडक्सन'बाट निर्मित 'जेरी अन टप'को सुयोग गुरूङले निर्देशन गरेका हुन् । यस चलचित्रमा हेमराज विसीले कथा लेखन, विश्वास तिम्सिनाले पटकथा लेखन र दुलिप रेग्मीले छायाङ्कन गरेका छन् ।

रंगशाला

# त्रिवि क्रिकेट रंगशाला गुरुयोजना स्वीकृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदान आयोजनाको गुरुयोजना स्वीकृत गरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रूपमा निर्धारण गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को बिहीबारको बैठकले सहरी विकास मन्त्रालयको प्रस्तावमा क्रिकेट मैदानको गुरुयोजना स्वीकृत गर्दै आयोजनालाई राष्ट्रिय प्राथमिकता निर्धारण गरेको हो । गुरुयोजनाबमोजिम क्रिकेट मैदानका लागि करिब रु १० अर्ब लाग्ने अनुमान गरिएको छ ।

सहरी विकासमन्त्री कुलमान घिसिङले रंगशाला नेपालकै पहिलो अन्तरराष्ट्रिय क्रिकेट मैदान भएको र अन्तरराष्ट्रिय खेल तथा पर्यटन प्रवर्द्धनमासमेत यसको योगदान हुने उल्लेख गरे ।

घिसिङले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रूपमा जग्गासम्बन्धी सम्झौता, वातावरणीय प्रभाव मूल्यांकनलाई अन्तिम रूप दिने र गुरुयोजनाबमोजिम रंगशाला विस्तारका लागि दोस्रो चरणको निर्माणका लागि 'टेण्डर प्रक्रिया' अगाडि बढाउन मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त भएको बताए ।

केही दिनअघि रंगशालाको पहिलो चरणको निर्माणबारे स्थलगत निरीक्षणमा गएका मन्त्री घिसिङले गुरुयोजनाबमोजिम भइरहेको निर्माण कार्यलाई राष्ट्रिय प्राथमिकतामा राखी बजेट अभाव हुन नदिनेगरी रंगशाला विस्तारको दोस्रो चरण अगाडि बढाइने बताएका थिए ।

हाल रंगशालाको पहिलो चरणका संरचना निर्माणाधीन छन् । आगामी मङ्सिर १ गतेदेखि सुरु हुने नेपाल प्रिमियर लिग (एनपिएल) भन्दाअगावै रंगशाला निर्माण सम्पन्न गर्नेगरी काम धमाधम भइरहेको छ ।

एएफसी महिला यू-१७ एसियन कप

# नेपालको पोस्टमा दर्जन गोल

**काठमाडौं (प्रस)–** घरेलु टोली थाइल्यान्डसँग एक दर्जन गोल खाँदै नेपाल एएफसी महिला यु-१७ एसियन कप छनोटबाट बाहिरिएको छ । थाइल्यान्डको चोनबुरी स्टेडियममा शुक्रबार सम्पन्न समूह 'एफ' को अन्तिम खेलमा नेपाल १२-० ले पराजित भएको हो । योसँगै शतप्रतिशत जित निकाल्दै थाइल्यान्ड अर्को चरणमा प्रवेश गरेको छ ।

